F/Y प.सं. - २०८३/०८४ (2083/084)
Ref/ च.नं. -

## मेकानिकल इन्जिनियर परामर्श सेवा खरिदका लागि कार्य क्षेत्रगत शर्त (TOR)

**१. पदको नाम:-**

मेकानिकल इन्जिनियर

**२. कार्यस्थल:-**

सुन्दरहरैंचा नगर कार्यपालिकाको कार्यालय तथा आवश्यकता अनुसार वडा कार्यालय, आयोजना स्थल तथा नगरपालिका नगर कार्यपालिकाले तोकेको अन्य कार्यस्थल।

**३. उद्देश्य:-**

नगरपालिकाले खरिद/मर्मत गरेका र गर्नुपर्ने यन्त्र/उपकरण र सवारी साधन तथा अन्य विकास आयोजनासँग सम्बन्धित मेकानिकल पक्षको अध्ययन, डिजाइन, प्राविधिक परीक्षण, सुपरिवेक्षण, सञ्चालन तथा मर्मत सम्भार कार्यलाई प्रभावकारी, गुणस्तरीय तथा मितव्ययी बनाउनु।

**४. कार्य विस्तृत विवरण:-**

- कार्यलय र अन्तर्गतका इकाइहरुको सवारी साधन, यन्त्र/उपकरण खरिद, मर्मत कार्यका लागि specification र लागत अनुमान तयार गर्ने,
- खरिद/मर्मत भएका यन्त्र/उपकरण र सवारी साधनको कार्य स्वीकार/verification गर्ने,
- खरिद/मर्मत भएका यन्त्र/उपकरण र सवारी साधनको भूक्तानीका लागि प्रतिवेदन प्रदान गर्ने,
- मर्मत ग्यारेजमा सुपरिवेक्षण र निरीक्षण गर्ने,
- मर्मत सम्भारका लागि दिगो व्यवस्थापकीय कार्यहरुको सुझाव दिने,
- आवश्यक भएमा समिति/कार्यदलमा रहि कामकाज गर्ने,
- आयोजना/कार्यक्रम अन्तर्गत भएका खरिद भएका/हुने मेसीनरी सामाग्रीहरुको specification, लागत अनुमान तर्जुमा र verification report तयार गर्ने,
- कार्यालयले तोकेको अन्य कार्य गर्ने।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

- मासिक न्यूनतम ८(आठ) कार्यदिन रहनेछ र अन्य दिन कार्यालयको आवश्यकता अनुसार कार्य गर्नुपर्ने।

**५. पालिकाको न्यूनतम सवारी साधन तथा मेकानिकल उपकरण व्यवस्थापन:-**

मेकानिकल इञ्जिनियरले नगरपालिकामा रहेका सवारी साधन तथा मेकानिकल उपकरणहरूको सञ्चालन, मर्मत सम्भार, निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यसमेत सम्पादन गर्नुपर्नेछ। न्यूनतम रूपमा निम्न साधन तथा उपकरणहरूको प्राविधिक व्यवस्थापन गर्नुपर्नेछः

१. नगरपालिकाका प्रशासनिक प्रयोजनका लागि प्रयोग हुने चारपाङ्ग्रे सवारी साधन ( न्युनतम ५वटा)

२. दुईपाङ्ग्रे सवारी साधन (न्युनतम ३० मोटरसाइकल तथा स्कुटर)।

३. फोहोर व्यवस्थापन तथा अन्य विपद् कार्यका लागि प्रयोग हुने टिपर ( न्युनतम २वटा), ट्र्याक्टर( न्युनतम २वटा), दमकल ( न्युनतम १ वटा) सम्बन्धी सवारी साधन।

४. सडक निर्माण तथा मर्मत सम्भारमा प्रयोग हुने हेभी इक्विपमेन्ट (जस्तै: ब्याकहो लोडर(न्युनतम १ वटा))।

५. कार्यालय प्रयोजनका लागि प्रयोग हुने सार्वजनिक तथा कर्मचारीहरुको मोटरसाइकल, स्कुटर लगायत नगरपालिकाको स्वामित्वमा रहेको सम्पूर्ण सवारी साधन, मेसिंनरी उपकरणहरु।

६. नगरपालिकामा रहेका डिजेल जेनेरेटर र अन्य मेकानिकल उपकरण।

७. नगरपालिकाले खरिद गर्ने अन्य मेकानिकल साधनहरु।

**६. पेश गर्नुपर्ने कागजातहरु:-**

- ✓ अनुसुची-१ बमोजिमको आर्थिक प्रस्ताव,
- ✓ न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र,
- ✓ विदेशी बोर्डबाट उत्तिर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र,
- ✓ नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्र,
- ✓ कार्य अनुभवको प्रमाणपत्र,

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

✓ फर्मले पेश गर्नेको हकमा अघिल्लो आ.वको कर चुक्ता प्रमाणपत्र, व्यवसाय/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, जनशक्तिको CV र सम्बन्धित व्यक्तिको मन्जुरी सहित पेश गर्नुपर्नेछ ।

**७. प्रस्ताव मुल्याङ्कनका आधार:-**

अधिकतम लागत अनुमान रु.२,४९,१३६/- (दुई लाख उनन्चास हजार एक सय छत्तीसा रुपैयाँ मात्र)(मु.अ.कर बाहेक) (पारिश्रमिक कर)भन्दा न्यून कबोल गर्ने फर्म/व्यक्ती/संस्थाले पेश गर्ने कबोल अंकको तुलना गरि न्युनतम रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही हुनेछ ।

**८. भुक्तानी सम्बन्धी व्यवस्था:-**

- कार्यालयले रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी गरी भुक्तानी गर्नेछ,
- यस कार्यको समन्वय र प्रतिवेदन जिन्सी शाखाले समन्वय गर्नेछ,
- भुक्तानी माग गर्दा प्रतिवेदन सहित माग गर्ने,
- जिन्सी शाखाले प्रतिवेदन र अभिलेखका आधारमा त्रैमासिक भुक्तानीका लागि सिफारिस गर्नेछ ।

**९. अन्य शर्तहरु:-**

- प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु संलग्न राखी अनिवार्य रुपमा शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
- नगरपालिकामा साविकमा भएका वा नगरपालिकाले खरिद गर्ने वा ममर्त गर्ने मेशिन/यन्त्र/उपकरण लगायतका सम्पूर्ण मेकानिकल सामाग्रीहरुको स्पेशिफिकेसन तयार गर्ने, लागत अनुमान तयार गर्ने, प्राविधिक मुल्याङ्कन गर्ने लगायतका यस्तै प्रकृतिका कामहरु गर्नुपर्नेछ ।
- नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्नु पर्नेछ ।

गणेशराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत